नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२

(...........................................................)

अनुमतिपत्र महाशाखा

फ्याक्स: ४५३९९०३

पोष्ट बक्स नं.: २५००७

सानोगौचरण, काठमाडौं, नेपाल

प.सं.: ०७९/८०

च.नं. चलानी नं. : 698

मितिः २०७९/०९/१९

विषयः- बुढीगण्डकी नदी जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री सुर्य इनर्जी प्राइभेट लिमिटेड
महाराजगंज, काठमाडौं
फोनः ०१-४००२५६६,४००२५७७
इमेलः info@suryaenergynepal.com

उपर्युक्त सम्बन्धमा, तहाँबाट बुढीगण्डकी नदी जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त माथि कारवाही तपसिल बमोजिमका कागजात विवरणहरु नपुग देखिंदा नपुग कागजात विवरण ३५ दिनको समयावधि भित्र पेश गर्नुहुन तथा पेश नभएमा नियमानुसार कारवाही हुने व्यहोरा विभागको मिति २०७९/०९/१३ को निर्णयानुसार जानकारी गराइन्छ ।

तपसिल

१. प्रबर्द्धक कम्पनीको अध्यावधिक शेयर लगत, उद्योग दर्ता प्रमाणपत्र तथा कम्पनी अध्य्वाधिक भएको पत्र ।
२. शेयरधनीहरुको कूल लगानी क्षमता पुस्टि हुने नेटवर्थसँग सम्बन्धित सहायक कागजातहरु ( notarized बैंक स्टेटमेन्ट तथा अन्य सम्पत्ति विवरण), चार्टर्ड एकाउन्टेन्टको संस्था दर्ता प्रमाणपत्र तथा कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
३. आवश्यक शेयर पूंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीमा कायम रहेको शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative networth तथा आवश्यकता अनुसार आयोजनामा equity लगानी गर्ने सम्बन्धमा शेयरहोल्डरहरु बीच भएको सम्झौता र कुनै शेयर होल्डरले लिन कबूल गरेको शेयर बराबरको निजको networth नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा आयोजनामा equity लगानी गर्ने सम्बन्धमा शेयर होल्डर हरुबीच भएको सम्झौता र networth प्रमाणित गर्ने CA को प्रमाणित विवरणहरु
४. शेयर पूंजी लगानी गर्ने प्रतिवद्धता गरिएको संचालक समितिको निर्णयको प्रमाणित प्रति
५. आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरूप (टोपो) नक्शा
६. निर्माण कार्यको विस्तृत तालिका
७. वातावरणीय अध्ययन प्रतिवेदनको स्वीकृतिको पत्र
८. आयोजनाको लागि आवश्यक घर जग्गा र सोको उपयोग सम्बन्धी विवरण वा आयोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्ति गरिने सरकारी वा निजी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत
९. बहाल रहेको विद्युत खरिद बिक्रीको सम्झौता वा विद्युत जडान सम्झौता (कनेक्शन एग्रिमेन्ट) वा विद्युत खरिद बिक्री सम्झौता सम्पन्न गरिने सम्बन्धी आशयपत्र

.......................
(रवि नेपाल)
इन्जिनियर